## वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र प्राप्त संस्थाहरुको अनलाईन प्रणाली मार्फत ईजाजतपत्र नवीकरण गर्ने बारेको सूचना

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १२ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ८ बमोजिम इजाजतपत्रवाला संस्थाहरुलाई २०८३ असार १ गते देखि २०८३ असार मसान्तभित्र वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) मा देहाय अनुसारको कागजातहरु अपलोड गरी अनलाईन प्रणाली मार्फत आ.व. २०८३/०८४ को लागि इजाजतपत्र नवीकरणको आवेदन दिन सरोकारवालाहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | पेश गर्नुपर्ने कागजातहरु (कागजातहरु प्रमाणित भएको हुनुपर्ने।) |
|---|---|
| १ | • इजाजतपत्र नवीकरण गरिदिने बारेको संस्थाको निवेदन<br>निवेदनमा अघिल्लो आ.व. (०८१/०८२) मा वैदेशिक रोजगारमा कामदार सम्बन्धी देहाय बमोजिमको विवरण समेत खुलाउनुपर्ने,<br>➢ पूर्व स्वीकृति लिएको संख्या<br>➢ अन्तिम श्रम स्वीकृति लिएको संख्या<br>➢ कामदार उडाएको संख्या<br>➢ अन्तिम श्रम स्वीकृति लिएको तर उडाउन बाँकी संख्या<br>➢ वैदेशिक रोजगारमा पठाएका कामदारको अवस्थाको विवरण<br>• इजाजतपत्र नवीकरण गर्ने सम्बन्धी संस्थाको संचालक समितिको निर्णय |
| २ | नवीकरण दस्तुर रु.१०,०००/- (दस हजार) :- *दाखिला अनुसारको वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौंको रसिद।* |
| ३ | • ईजाजतपत्रको प्रति (२०८३ असार मसान्तसम्म नवीकरण भएको)<br>• बैंक ग्यारेण्टी प्रति (न्यूनतम २०८५ श्रावण मसान्तसम्म बहाल रहने अन्तिम मिति भएको)<br>• धरौटी रसिदको प्रति |
| ४ | कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८१/८२ को कम्पनी अद्यावधिक गरेको पत्र |
| ५ | आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्र |
| ६ | पछिल्लो शेयर लगत र सोको कभर लेटर (कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी भएको) |
| ७ | • संस्थाको हाल कार्यालय रहेको स्थानको Google Plus code सहितको Updated Google map<br>• संस्थाको हाल कार्यालय रहेको जिल्ला, पालिकाको वडा नं., घर नं, सडक/मार्ग, टोल, फोन नम्वर, मोबाइल नम्वर, Website र इमेल लगायतको पूरा विवरण (FEIMS र ढङ्गामा अपडेट गर्नुपर्ने) |
| ८ | संस्थाको शाखा कार्यालयहरुको विवरण (शाखा कार्यालयको ठेगाना, सम्पर्क नम्वर, मोबाइल नम्वर र शाखा प्रमुख खुलेको हुनुपर्ने) |
| ९ | संस्थामा हाल कार्यरत कर्मचारीहरुको विवरण (शाखा कार्यालयको समेत) |
| १० | पेश गरेका सम्पूर्ण कागजातहरू वास्तविक हुन झुठा भए कानून बमोजिम सहुँला बुझाउँला भनी अध्यक्ष/संचालकले गरेको प्रतिवद्धतापत्र |

**पुनश्च:** FEIMS मा नवीकरणको लागि APPLY मा गर्नुपहिले संस्थाको फोन नम्वर, मोबाइल नम्वर, Website र इमेल लगायतको पूरा विवरण अनिवार्य अपडेट गर्नुपर्नेछ।

२०८३/२/२९

शाखा अधिकृत